राष्ट्र र जनताप्रति प्रतिबद्ध

# द पब्लिक टुडे

The Public Today National Daily

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २०५ | २०८२ चैत्र २६ गते बिहीवार | (Thursday, 9 April, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## कार्कीको कमाण्डमा बर्दिबास उद्योग वाणिज्य संघ



द पब्लिक टुडे समाचारदाता

*जनकपुरधाम, चैत्र २५ गते ।*

महोत्तरीको बर्दिबासस्थित रहेको बर्दिबास उद्योग वाणिज्य संघको नेतृत्व अब दिपक कार्कीको कमाण्डमा आएको छ । मंगलबार सम्पन्न निर्वाचनपछि कार्की अध्यक्षमा ८२८ मत ल्याएर निर्वाचित हुँदै संघको स्टेयरिङ सम्हालेका हुन् । डमरु चिन्हबाट चुनाव लडेका कार्की आफ्नो प्यानलसहित निर्वाचित हुँदै कार्यसमितिमा कब्जा जमाएका हुन् ।

कार्कीका प्रतिद्वन्द्वी उत्तमकुमार श्रेष्ठले ५५७ मत प्राप्त गरेका हुन् ।

प्रथम उपाध्यक्षमा रंजितराज ढुंगाना(८४९), द्वितिय उपाध्यक्षमा रामनाथ साह(७४३), महिला उपाध्यक्षमा ज्ञानु बलम्पाकी आल(७६९), महासचिवमा केदार गौतम(८१७) निर्वाचित भएको सहायक निर्वाचन अधिकृत रामकुमार कार्कीले .जानकारी दिए ।

उनका अनुसार कोषाध्यक्षमा सुरेन्द्रराज लामा(७२९), सचिवमा रिमनाथ अधिकारी(७००) र सहकोषाध्यक्षमा संगमकुमारी गोले(८२९) निर्वाचित भएका हुन् ।

यस्तै, महिला सदस्यहरुमा संगिता यादव(७४६), सुनिताकुमारी साह(७३४), रेनुकुकमारी पाचे(७५५), तृषा श्रेष्ठ(७६९) निर्वाचित भएका छन् । त्यसैगरी पुरुषतर्फका सदस्यहरुमा राम

*- बाँकी पृष्ठ ३ मा*

## मधेश प्रदेशबाट ४२ जना विचौलिया पक्राउ

द पब्लिक टुडे समाचारदाता

*गौशाला, चैत्र २५ गते ।*

नयाँ सरकार गठनसँगै मधेश प्रदेशमा सरकारी कार्यालयहरूमा सक्रिय विचौलियामाथि प्रहरीको कारबाही तीव्र बनेको छ ।

विभिन्न जिल्लाका सरकारी कार्यालयहरूमा सेवाग्राहीलाई ठगी गर्ने र काममा ढिलाइ गराउने आरोपमा ४२ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार अत्यधिक सेवाग्राहीको चाप हुने कार्यालयहरूमा पुगेर प्रभाव जमाउने, अनुचित लाभ लिने र सेवा प्रक्रियामा अवरोध सिर्जना गर्ने गतिविधिमा संलग्न व्यक्तिहरूलाई लक्षित गर्दै अभियान सञ्चालन गरिएको हो । कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक गोविन्द थपलीयाका अनुसार पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको छ ।

पक्राउ पर्नेहरूमा पर्साको वीरगञ्जस्थित यातायात र मालपोत कार्यालयबाट ८ जना, रौतहटबाट ७ जना, सर्लाहीको मलंगवाबाट ९ जना, धनुषाबाट ५ जना, सप्तरीबाट १० जना र सिरहाबाट ३ जना रहेका छन् ।

प्रहरीको निगरानी बढेसँगै सरकारी कार्यालयहरूमा विचौलियाको सक्रियता घट्दै गएको छ । यसको प्रत्यक्ष प्रभाव सेवा प्रवाहमा देखिएको छ भने सेवाग्राहीप्रति कर्मचारीको व्यवहारमा पनि सुधार आएको छ ।

धनुषाको मालपोत कार्यालय पुगेका सेवाग्राही राकेश महतोका अनुसार पहिले जस्तो झ्यालमा भीडभाड नभई अहिले सेवा छिटो र व्यवस्थित रूपमा पाइने गरेको छ । 'अहिले कर्मचारीहरूले पनि राम्रोसँग व्यवहार गर्न थालेका छन्,' उनले भने ।

## मटिहानी गुठीका मान महन्थ जगन्नाथ दास पक्राउ

द पब्लिक टुडे समाचारदाता

*गौशाला, चैत्र २५ गते ।*

महोत्तरीको मटिहानी गुठी(लक्ष्मीनारायण मठ)का मान महन्थ जगन्नाथ दास वैष्णव पक्राउ परेका छन् । बैंकिङ कसुर मुद्दामा वैष्णवलाई बुधबार मटिहानीबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी तथा प्रहरी निरीक्षक विश्वम्भर नाथ साहले जानकारी दिए ।



उनीविरुद्ध १ करोड ३० लाख रुपैयाँ बराबरको बैंकिङ कसुर मुद्दा दर्ता रहेको प्रहरीले जनाएको छ । पक्राउ परेका वैष्णवलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय धनुषा पठाइएको प्रहरी निरीक्षक साहले बताए ।


नेपालको सबैभन्दा ठुलो राजगुठीको रूपमा चिनिने मटिहानीस्थित लक्ष्मीनारायण मठका मान महन्थ रहेका वैष्णव यसअघि जिल्ला प्रशासन कार्यालय रुपन्देहीको किर्ते चिठ्ठी तथा जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीको हस्ताक्षर किर्ते गरी रुपन्देहीस्थित मेगा बैङ्कमा रोक्का रहेको खाता फुकुवा गरी रकम झिकेको आरोपमा उनी पक्राउ परेका थिए ।


## टन्सिलका लक्षण :

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाहीँ सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निल्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुगन्ध आउने,
- कहिलेकाहिँ वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन्,

यस्ता लक्षण देखिएमा चिकित्सँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# सन्तुलित परराष्ट्र नीतिमा दृढता– अब कार्यान्वयनको पालो

नेपालले सधैंदेखि असंलग्न परराष्ट्र नीति र पञ्चशीलका सिद्धान्तलाई आफ्नो कूटनीतिक मार्गदर्शकका रूपमा अंगीकार गर्दै आएको छ । बुधबार प्रधानमन्त्री बालेन्द्र शाहले विभिन्न देशका कूटनीतिक प्रतिनिधिसँगको भेटमा व्यक्त गरेको धारणा–सबै राष्ट्रसँग सन्तुलित, विश्वासमा आधारित र पारस्परिक लाभको सम्बन्ध सुदृढ गर्ने प्रतिबद्धता-सैद्धान्तिक रूपमा स्वागतयोग्य छ । तर, आजको आवश्यकता केवल प्रतिबद्धता होइन, प्रभावकारी कार्यान्वयन हो । विश्व राजनीतिक परिवेश अस्थिर बन्दै गएको छ । विभिन्न क्षेत्रमा भइरहेका द्वन्द्वले सर्वसाधारण नागरिकलाई गम्भीर असर पारेका छन् । यस्तो अवस्थामा नेपालले शान्ति, सहअस्तित्व र सहकार्यको पक्षमा दृढतापूर्वक उभिनु आवश्यक छ । प्रधानमन्त्री शाहले शान्तिलाई साझा प्राथमिकता बनाउनुपर्ने जोड दिनु सान्दर्भिक भए पनि, त्यसलाई अन्तर्राष्ट्रिय मंचमा व्यवहारिक रूपमा प्रस्तुत गर्ने कूटनीतिक सक्रियता अझ बलियो हुनुपर्छ ।

नेपालको परराष्ट्र नीति सन्तुलित हुनुको अर्थ सबैसँग समान दूरी राख्नु मात्र होइन, राष्ट्रिय हितलाई केन्द्रमा राख्दै अवसरहरूको अधिकतम उपयोग गर्नु पनि हो । विकास, व्यापार, लगानी, जलवायु परिवर्तन तथा जनस्तरको सम्बन्ध विस्तारजस्ता क्षेत्रमा सहकार्य बढाउने सरकारको लक्ष्य सकारात्मक छ। तर लगानीमैत्री वातावरण निर्माण, नीतिगत स्थिरता र पारदर्शिता सुनिश्चित नगरी यस्ता लक्ष्यहरू घोषणामै सीमित रहने जोखिम रहन्छ । त्यस्तै, "नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद होइन" भन्ने प्रधानमन्त्री शाहको भनाइले नीतिगत स्थायित्वको संकेत दिन्छ । तर विगतमा देखिएको नीतिगत अस्थिरता, ढिलासुस्ती र कार्यान्वयन कमजोरी सुधार्न ठोस कदम आवश्यक छन् । विदेशी लगानी आकर्षित गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्ने र दिगो विकासलाई टेवा दिने नीतिहरू कागजमा मात्र होइन, व्यवहारमा देखिनुपर्छ । यससँगै, विदेशमा रहेका नेपाली नागरिकको सुरक्षा र हितलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता पनि व्यवहारमा परिणाममुखी हुनुपर्छ । कूटनीतिक नियोगहरूलाई थप सक्रिय र उत्तरदायी बनाउनु आजको आवश्यकता हो ।

सबैमा स्पष्ट भएको कुरा के भने असंलग्न परराष्ट्र नीति र पञ्चशीलका सिद्धान्त केवल ऐतिहासिक धरोहर होइनन्ह ती आज पनि उत्तिकै सान्दर्भिक छन् । तर ती सिद्धान्तलाई समय अनुकूल परिमार्जनसहित प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिए मात्र नेपालले क्षेत्रीय र वैश्विक मंचमा आफ्नो स्थान सुदृढ गर्न सक्छ । सरकारको इच्छाशक्ति सकारात्मक संकेत हो- अब त्यसलाई परिणाममा रूपान्तरण गर्ने जिम्मेवारीबाट पछि हट्ने छुट छैन ।

## राशिफल

मेष - व्यवसायमा केही लाभ हुनेछ ।
वृष - अनुयायीले साथ दिनेछन् ।
मिथुन - मनोरञ्जनपूर्ण रहनेछ ।
कर्कट - नयाँ आशा जगाउनेछ ।
सिंह - अवसर दिलाउन सक्छ ।
कन्या - केही खर्च हुने समय छ ।
तुला - सम्मान प्राप्त हुनेछ ।
वृश्चिक - परिवेश उल्लासमय रहनेछ ।
धनु - व्यवसायमा लाभ हुनेछ ।
मकर - भाग्योन्नतिको समय छ ।
कुम्भ - रोकिएको काम बन्नेछ ।
मिन - नयाँ काम थालनी हुनेछ ।

# बटेश्वरको वैभव



■ वीरेन्द्र रमण

मधेस प्रदेशअन्तर्गत धनुषाको उत्तर-पश्चिम भागमा रहेको बटेश्वर गाउँपालिकाका बहुसंख्यक बासिन्दा कृषि उत्पादनमा आबद्ध छन् । यसकै कारण 'किसानको गाउँ' भन्ने गरिएको यस गाउँको चिनारी केही वर्षयता भने बदलिएको छ । अन्नका लागि उर्वर भूमि सरकारी जागिरे उत्पादनका लागि पनि मलिलो बनिरहँदा अहिले यस ठाउँको परिचय बनेको छ- सरकारी कर्मचारीको गाउँ ।

गाउँपालिकाका अधिकांश युवा लोकसेवा आयोगको परीक्षा दिएर धमाधम सरकारी सेवामा प्रवेश गरिरहेका छन् । यसबाट अन्य युवा लोकसेवातर्फ आकर्षित भइरहेका छन् । गाउँपालिकाका जनप्रतिनिधि र स्थानीयवासीका अनुसार दुई दशकयता यहाँका ६०० जना जति सरकारी जागिरे भएका छन् । शाखा अधिकृत १० जना, नायब सुब्बा ८० जना र बाँकी अन्य पदमा कार्यरत रहेको अनुमान छ । मधेस प्रदेशका अन्य ठाउँका युवा वैदेशिक रोजगारीमा जान राहदानी बनाउन र श्रम स्वीकृतिका लागि धाइरहँदा बटेश्वरका युवा भने लोकसेवा तयारीमा व्यस्त हुन्छन् । विगतमा यहाँका युवाहरू पनि १० कक्षा उत्तीर्ण गर्नेबित्तिकै वैदेशिक रोजगारीमा जाने उद्देश्यले राहदानी बनाउन जिल्ला प्रशासन कार्यालय र काठमाडौंको राहदानी विभागमा धाउँथे । तर, पछिल्लो समयमा त्यो अवस्था बदलिएको छ । अहिले यहाँका युवाको हातमा राहदानी होइन, लोकसेवा तयारी पुस्तक, संविधान र ऐन-नियम संग्रह हुन्छ ।

बटेश्वरका हरेक टोल र बस्तीबाट कोही न कोही सरकारी सेवामा आबद्ध छन् । कसैको छोरा अधिकृत र नासु छन्, कसैकी बुहारी । गाउँका बूढापाका चौतारीमा बसेर लोकसेवा आयोगले निकालेको विज्ञापन र आउने परिणामबारे चर्चा गर्छन् ।

बटेश्वर गाउँपालिका-२ की मनीषाकुमारी महतो सोही गाउँपालिकाकै छैटौं तह (अधिकृत)मा कार्यरत छिन् । उनले गाउँपालिकाकी प्रवक्ताको जिम्मेवारी पनि सम्हाल्दै आएकी छन् । विवाह भएर मिथिला नगरपालिकाबाट बटेश्वर गाउँपालिकामा आउँदा उनी स्नातक तहमा माइक्रोबायोलोजी पढ्दै थिइन् । स्नातक तह उत्तीर्ण गरिसक्दा बच्चा जन्मिएपछि अगाडिको पढाइलाई निरन्तरता दिन पाइनन् । यसको केही समयपछि सरकारी जागिरे रहेका श्रीमान्को साथ सहयोगमा लोकसेवा परीक्षाको तयारीमा लागिन् ।

लोकसेवा आयोगले २०७६ सालमा पाँचौं तह, नायब सुब्बा पदका लागि विज्ञापन खोल्यो । मनिषाले पहिलो प्रयासमै सफलता हात पारिन् । महोत्तरीको लोहारपट्टी गाउँपालिकाबाट सेवा सुरु गरेकी उनले पछि घरपायक पालिकामा सरुवा मागिन् । सेवा अवधि पाँच वर्ष पुगेपछि उनको छैटौं तहमा बढुवा भएको हो । उनका श्रीमान् उच्च अदालत जनकपुरधाममा अधिकृत पदमा कार्यरत छन् ।

बटेश्वर गाउँपालिका-२ का दीपेन्द्रकुमार सिंह राष्ट्रिय आधार भूत विद्यालय सीतापुरका शिक्षक हुन् । शिक्षक सेवा आयोगको परीक्षामा उत्तीर्ण हुनुअघि उनी २०६५ सालदेखि पत्रकारितामा संलग्न थिए । त्यसबीचमा लोकसेवा आयोगले निकालेका विज्ञापनहरूमा निरन्तर आवेदन दिएर परीक्षा दिए पनि उनी असफल भइरहे । २०७० सालमा शिक्षक सेवा आयोगको परीक्षामा पहिलो पटक नाम निकाले पनि उनी वैकल्पिकमा परे । अन्ततः २०७९ सालमा शिक्षक सेवा आयोगको परीक्षामा उनी र भाइ जितेन्द्र सिंहले एकसाथ नाम निकाले। जितेन्द्र भने धनुषा गोदारस्थित जनता माविमा प्राविधिक शिक्षक छन् ।

शिक्षक सिंहका अनुसार सुरक्षित जागिर र सामाजिक प्रतिष्ठासँग जोडिएकाले यस क्षेत्रका युवा सरकारी सेवाप्रति आकर्षित भएका हुन् ।

यहाँका अधिकांश अभिभावक पेसाले किसान छन् । कतिपय वैदेशिक रोजगारीमा छन् । उनीहरूले आफूले भोगेको दुःख छोराछोरीले भोग्न नपरोस् भनेर शिक्षामा लगानी गरेका छन् । "उनीहरूले छोराछोरीलाई शिक्षित र योग्य बनाउनुपर्छ भन्ने चेतनाका कारण पढाउन थाले, त्यही प्रभावबाट अहिले सरकारी जागिरमा जानेहरूको संख्या बढ्दो छ," सिंह भन्छन् ।

बटेश्वर क्षेत्रमा पहिले सरकारी जागिरेको संख्या औंलामा गन्न सकिने मात्र थियो । एकाध घरका मानिस मात्रै निजामती र शिक्षक सेवामा थिए । अहिले हरेक टोलमा सरकारी जागिरे छन् । स्थानीय जनककुमारी ठाकुर भन्छिन्, "पहिले जागिर पाउनु सपनाजस्तै थियो, अहिले त गाउँका धेरैले लोकसेवा पास गरेर सरकारी जागिर खाइरहेका छन् ।"

**शिक्षकदेखि सेनासम्म**

बटेश्वरबाट सरकारी सेवामा प्रवेश गरेकाहरूमध्ये धेरैले शिक्षक सेवा आयोगमार्फत प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकका रूपमा काम गरिरहेका छन् । त्यस्तै, स्टाफ नर्स, स्वास्थ्य सहायक र मेडिकल अफिसर जस्ता स्वास्थ्य सेवाका पदमा काम गर्नेहरू पनि छन् । यसका साथै, यहाँका युवा नेपाल प्रशासन सेवा, लेखा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनामा समेत आबद्ध छन् ।

स्थानीय फूलगेन मगही यहाँ सरकारी सेवामा प्रवेश गर्ने लहर नै चलेको र सरकारी जागिर यहाँका युवाको पहिलो आकर्षण बनेको बताउँछन् । युवाहरूको आकर्षण देखेर सरकारी सेवामा पुगेका युवाले गाउँमा आफ्नो अनुभव बाँड्दै तयारी कक्षा संचालन गर्न थालेका छन् । यसले आगामी वर्षमा सरकारी सेवामा प्रवेश गर्ने युवाको संख्या अझै बढ्ने अपेक्षा गरिएको छ ।

बटेश्वर घर भई हाल जनकपुरधामस्थित स्वास्थ्य आपूर्ति केन्द्रमा लेखा अधिकृत पदमा कार्यरत अमरदीप महतो गाउँको एउटा सामान्य किसानको छोराले मिहिनेत गरी लोकसेवा पास गरेर हाकिम बनेर आउँदा अन्य युवाहरूलाई हौसला र प्रेरणा मिल्ने बताउँछन् । "उसले पास गर्न सक्यो भने म किन सक्दिनँ भन्ने भावनाले यहाँको सिकाइ वातावरणलाई चलायमान बनाएको छ । एकअर्काको सफलता हेरेर प्रतिस्पर्धीहरू बढेका छन्," उनी भन्छन् ।

शिक्षक जितेन्द्र सिंह सरकारी कर्मचारीको बिहेबारी सहज हुनेदेखि राम्रो सामाजिक सम्मान मिल्ने भएकाले युवाहरू यसतर्फ आकर्षित भएको बताउँछन् । भन्छन्, "सरकारी कर्मचारी भएपछि समाजमा एक खालको प्रतिष्ठा प्राप्त हुन्छ, त्यसले समेत युवाहरूलाई उत्साहित बनाएको छ ।"

बटेश्वर गाउँपालिकामा कोइरी, तेली, यादव, मण्डल, दास, महरा, तामाङ, बडही, ठाकुर हजामलगायत विभिन्न जातजातिका मानिसको बसोबास छ । तीमध्ये पनि लोकसेवाको परीक्षामा करिब ६० प्रतिशत महतो समुदाय र ४० प्रतिशत अन्य समुदायका व्यक्ति उत्तीर्ण भएको स्थानीयवासीहरू बताउँछन् ।

बटेश्वर गाउँपालिकाका अध्यक्ष रामआशिष महतो लोकसेवाप्रति आकर्षित युवाहरूलाई प्रोत्साहन कार्यक्रम चलाउने बताउँछन् । "सरकारी सेवामा पुगेका व्यक्ति हाम्रो गाउँका प्रेरणाका स्रोत हुन् । आगामी दिनमा तयारी कक्षाको स्तरोन्नति गर्दै प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने योजना छ," उनी भन्छन् ।

मधेस प्रदेशसभा सदस्य शारदादेवी दास पहाडी बटेश्वर क्षेत्रमा प्रदेश सरकार र स्थानीय सरकारले लोकसेवा तयारी केन्द्र र पुस्तकालयको व्यवस्था गरिदिए यो ठाउँ प्रशासनिक जनशक्ति उत्पादन केन्द्रको रूपमा विकास हुने बताउँछिन् ।

**सबै क्षेत्रमा फड्को**

बटेश्वर क्षेत्रले पछिल्ला दुई दशकमा सबै क्षेत्रमा उल्लेखनीय फड्को मारेको छ । शिक्षा, पूर्वाधार, सरसफाइ, विद्युत्, खानेपानीदेखि सामाजिक जागरणसम्म सुधार र विस्तार भएको स्थानीयहरूको अनुभव छ ।

२७ फागुन २०७३ मा नेपाल सरकारले साविकका बटेश्वर गाविस, भूचक्रपुर गाविस, शान्तिपुर गाविस र लक्ष्मीनिवास गाविसलाई समायोजन गरी धार्मिक स्थल बटेश्वरनाथ महादेवको नामबाट बटेश्वर गाउँपालिका नामकरण गरेको थियो । ३१.६६ वर्ग किमी क्षेत्रफलमा फैलिएको यस गाउँपालिकामा पाँच वटा वडा छन् । २०७८ सालको जनगणनाअनुसार यस गाउँपालिकाको जनसंख्या २१ हजार ७४२ छ । जसमध्ये ११ हजार ४३ महिला र १० हजार ७०८ पुरुष छन् ।

यो गाउँपालिका धनुषा जिल्लाको सदरमुकाम जनकपुरधामबाट २५ किमी उत्तर-पश्चिममा अवस्थित छ । जसमा जम्मा घरधुरी चार हजार ६४७ छन् ।

पछिल्लो जनगणनाअनुसार यस पालिकामा सबैभन्दा बढी बोलिने भाषा मगही हो । यहाँ मगहीभाषीको संख्या ५३.४ प्रतिशत छ भने मैथिली ३३.१ प्रतिशत, नेपाली ३.२ प्रतिशत, तामाङ ३ प्रतिशत, दनुवार २.२ प्रतिशत र नेवारी भाषीहरू ०.९ प्रतिशत छन् ।

# अमेरिका-इरान युद्धविराम : दुवै पक्षद्वारा जितको दाबी

एजेन्सी

*काठमाडौँ, चैत्र २५ गते*

एक महिनाभन्दा बढी समयदेखि चलेको भीषण द्वन्द्वपछि अन्तिम घडीमा अमेरिका र इरान दुई हप्ताको अस्थायी युद्धविराममा सहमत भएका छन् । तर गोलीबारी रोकिए पनि दुवै पक्षले आफूलाई विजेता घोषणा गरेकाले तनावको मूल कारण अझै समाधानतर्फ नपुगेको सङ्केत देखिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तय गरेको समयसीमा सकिन एक घण्टा बाँकी रहँदा सहमति जुटेको हो । त्यसपछि दुवै देशले युद्धविरामलाई आ-आफ्नो जीतका रूपमा प्रस्तुत गरेका छन् । ट्रम्पले यसलाई अमेरिकाका लागि 'पूर्णतः निर्णायक विजय' भएको बताएका छन् भने इरानले पनि आफूले 'ऐतिहासिक र निर्णायक जित' हासिल गरेको दाबी गरेको छ ।

इरानी सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले जारी गरेको विज्ञप्तिमा इरानी राष्ट्रविरुद्ध गरिएको युद्धलाई 'अवैध र आपराधिक' भन्दै शत्रुले लज्जास्पद पराजय बेहोरेको उल्लेख गरिएको छ । त्यस्तै, इरानले यस विरामलाई स्थायी समाधानतर्फको पहिलो कदमका रूपमा लिँदै अमेरिकासँग वार्ता अघि बढाउने जनाएको छ । वार्ता पाकिस्तानमा शुक्रबारदेखि सुरु हुने तय गरिएको छ । यसबिच, ह्वाइट हाउसले इजरायल पनि युद्धविराममा सहमत भएको जनाएको छ । तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले स्पष्ट पार्दै यो सहमति लेबनानमा लागू नहुने बताएका छन् । लेबनानमा इरान समर्थित हिजबुल्लाहसँगको द्वन्द्वमा हालसम्म एक हजार ५०० भन्दा बढी मानिसको ज्यान गइसकेको जनाइएको छ । इजरायलले सुरुबाटै अमेरिकालाई इरानविरुद्धको युद्धमा प्रत्यक्ष संलग्न हुन आग्रह गर्दै आएको थियो । फेब्रुअरीमा सुरु भएको प्रारम्भिक आक्रमणका क्रममा इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनी मारिएको दाबीसमेत गरिएको छ, जसले द्वन्द्वलाई थप चर्काएको थियो । ट्रम्पले युद्धविरामको निर्णय लिनुअघि पाकिस्तानी नेतृत्वसँग परामर्श गरेको बताएका छन् । उनका अनुसार पाकिस्तानले इरानमाथि 'विनाशकारी सैन्य कारबाही रोक्न' आग्रह गरेको थियो । उनले चीनले पनि इरानलाई वार्तामा ल्याउन भूमिका खेलेको विश्वास व्यक्त गरे ।

युद्धविरामको मुख्य शर्तका रूपमा इरानले विश्वको महत्त्वपूर्ण तेल मार्ग होर्मुज जलडमरूमध्य दुई हप्ताका लागि सुरक्षित रूपमा खोल्ने सहमति जनाएको छ । फेब्रुअरी २८ देखि सुरु भएको युद्धका क्रममा बन्द गरिएको यस मार्गबाट विश्वको झण्डै पाँचौँ भाग तेल आपूर्ति हुने भएकाले यसको खुला हुनु विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले आक्रमण रोकिए इरानले पनि आफ्नो रक्षात्मक कारबाही रोक्ने बताए । यसबिच, युद्धविराम घोषणा भएपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य १७ प्रतिशतभन्दा बढीले घटेको छ भने एसियाली सेयर बजारमा सुधार देखिएको छ । यद्यपि दीर्घकालीन समाधानका विषयमा अझै मतभेद कायम छन् । इरानले अमेरिकी प्रतिबन्ध हटाउने, होर्मुजमा आफ्नो प्रभुत्व स्वीकार गर्नुपर्ने र क्षेत्रबाट अमेरिकी सेना फिर्ता गर्नुपर्ने माग अघि सारेको छ । साथै, आफ्नो युरेनियम संवर्धन कार्यक्रमलाई मान्यता दिनुपर्ने अडान पनि दोहोऱ्याएको छ । ट्रम्पले भने कुनै पनि अन्तिम सम्झौतामा इरानको आणविक कार्यक्रम पूर्ण रूपमा नियन्त्रणमा ल्याइनुपर्ने बताएका छन् । इरान आणविक हतियार नजिक पुगेको उहाँको दाबीलाई अन्तर्राष्ट्रिय निकायहरूले भने समर्थन गरेका छैनन् ।

## मधुवा रोगले आँप...

उत्पादन नहुने अवस्था सिर्जना भएको निर्देशनालयका अधिकृत सन्दीप ठाकुरले बताए ।

निर्देशनालयबाट प्राप्त विवरणअनुसार यस वर्ष मधेस प्रदेशका किसानले करिब ३० हजार ८०० हेक्टर क्षेत्रफलमा आँपखेती गरेका छन् । मौसम अनुकूल रहेमा प्रदेशमा चार लाख मेट्रिक टनभन्दा बढी आँप उत्पादन भई करिब ४० करोड रुपैयाँ बराबरको कारोबार हुने अनुमान छ ।

मधेस प्रदेशको धनुषा, महोत्तरी, सिरहा र सप्तरी आँप उत्पादनका दृष्टिले अग्रणी मानिन्छन् । व्यावसायिक रूपमा आँप खेती विस्तार हुँदै गएको यस प्रदेशले देशको कुल आँप उत्पादनको करिब ७६ प्रतिशत हिस्सा ओगट्ने गरेको छ ।

गत आवमा मधेस प्रदेशका किसानले ३० हजार ६०० हेक्टर क्षेत्रफलमा आँपखेती गरेका थिए । त्यसबेला प्रदेशमा तीन लाख ९५ हजार ९६२ मेट्रिकटन आँप उत्पादन भएको थियो ।

मधेसमा विशेषगरी मालदह, बम्बै, कलकत्तिया, आम्रपाली र दशहरी नकुअवा, केरवा, विजु, सिपिया लगायतका आँप खेती गरिएको छ । नेपालमा विदेशी आँपको आयात पनि उल्लेख्य रहेको छ । प्लान्ट क्वारेन्टाइन कार्यालय भिट्ठामोडका प्रमुख किशोरकुमार यादवका अनुसार गत आवको फागुनदेखि चालु आवको कात्तिकसम्म भारतबाट भिट्ठामोड नाका हुँदै ३५९ मेट्रिकटन आँप नेपाल भित्रिएको थियो । जसको मूल्य करिब दुई करोड १५ लाख रूपैयाँ बराबर रहेको छ ।

हाल देशभर करिब ५३ हजार हेक्टर क्षेत्रफलमा आँपखेती भइरहेको कृषि मन्त्रालयको तथ्याङ्क छ ।

## कार्कीको कमाण्डमा...

एकवाल महतो(७४९), प्रज्जवल बस्नेत(७९६), नसिव नदाफ(६८७), विरबहादुर पौडेल(७५३) र जुकबहादुर समाल(६९३) निर्वाचित भएको सहायक निर्वाचन अधिकृत कार्कीले बताए ।

आरक्षित सदस्यतर्फ विष्णुदेव उपाध्याय र भोगेन्द्र कुमार यादव निर्विरोध निर्वाचित भएको कार्कीले जानकारी दिए ।

नवनिर्वाचित अध्यक्ष कार्कीले व्यवसायीहरूको हक-हित संरक्षण, संस्थागत पारदर्शिता र समन्वयात्मक नेतृत्वलाई प्राथमिकतामा राख्ने बताएका छन् ।

उनले संघलाई सबै व्यवसायीको साझा मञ्चका रूपमा विकास गर्दै स्थानीय व्यापार प्रवर्द्धनमा सक्रिय भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे ।

## सडक दुर्घटनामा हजारौँको ज्यान जान्छ...

नियन्त्रण, साइन बोर्ड, सडक मर्मत र प्रकाशको उचित व्यवस्था गरियोस्,' उनले भनिन् ।

उनले कडा ट्राफिक कार्यान्वयन, लाइसेन्स बिना सवारी चलाउने, ओभर स्पिड र ट्राफिक नियम उल्लंघनमा कडाईका साथ कारबाही हुनुपर्ने माग गरिन् । उनले भनिन्, 'युवा तथा विद्यार्थी सचेतना कार्यक्रम गरियोस् । विद्यार्थी स्तरमै सडक सुरक्षा सम्बन्धी अनिवार्य सचेतना अभियान संचालन गरियोस् । आपतकालीन उद्धार प्रणाली सुधार दुर्घटना भए लगत्तै उद्धार र उपचारका लागि एम्बुलेन्स ट्रमा सेन्टर तथा छिटो स्वास्थ्य सेवा सुनिश्चित गरियोस् । पीडित परिवारलाई राहत मृतक परिवारलाई उचित क्षतिपूर्ति र घाइते हरुको निःशुल्क उपचार व्यवस्था गरियोस् ।'

'यदि हामीले अहिले पनि गम्भीर भएर सुधार गरेनौं भने यस्ता घटना यस्ता दुःखद् घटना फेरि दोहरिरहने छन् । त्यसैले म सरकारसँग गम्भीर ध्यान आकर्षण गर्न चाहन्छु र अन्त्यमा ती निर्दोषभाइहरूको सम्झनामा हामी सबैले जिम्मेवार बनौं,' उनले भनिन् ।

आगामी दिनमा यस्ता घटना दोहरिन नदिन जोखिमयुक्त सडक खण्डमा गति नियन्त्रण सूचना, सडकको समयमा नै मर्मत सम्भार लगायतमा विशेष ध्यान दिनुपर्ने उनले बताइन् ।

## सविधानसभामा असफलतादेखि संघीय...

उम्मेदवार बनेका उनी त्यतिबेला पनि पराजित भए ।

त्यसपछि पनि निरन्तर संगठन विस्तारमा लागेका गिरी २०६४ देखि २०७७ सम्म तीनपटक केन्द्रीय सदस्य निर्वाचित भए । २०७७ मा उनी मधेश प्रदेश अध्यक्षसमेत बने । मधेशमा राप्रपाको संगठन विस्तार गर्ने उनको अभियानले पार्टीभित्र र क्षेत्रीय रूपमा राम्रो प्रभाव पारेको मानिन्छ ।

शैक्षिक क्षेत्रमा पनि सक्रिय गिरी युनिभर्सल कलेज, फोनिक्स कलेज अफ म्यानेजमेन्ट र आर्यन कलेज अफ इन्जिनियरिङ तथा म्यानेजमेन्टका सञ्चालक हुन् । केही समय झापामा बसेर समेत उनले पार्टीका लागि काम गरे ।

सांसद बनेपछि गिरीले पार्टीको घोषणापत्र र नीतिअनुसार संसद्मा जनताको आवाज उठाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

विशेषतः मधेशका मुद्दा र युवाको रोजगारीमा उनले ध्यान केन्द्रित गर्ने बताएका छन् ।

युवालाई स्वदेशमै अवसर सिर्जना गर्न राज्यले लगानी गर्नुपर्ने उनको धारणा छ । वैदेशिक रोजगारी र अध्ययनका नाममा भइरहेको पलायन रोक्न नीतिगत सुधार आवश्यक रहेको उनी बताउँछन् । संसद्मा कानुन निर्माणदेखि खबरदारीसम्ममा प्रभावकारी बनाउने उनको भनाइ छ । राप्रपाले सीमित सिट प्राप्त गरेकाले आगामी ५ वर्ष प्रतिपक्षमा बसेर रचनात्मक तथा आलोचनात्मक भूमिका निर्वाह गर्ने उनले बताए ।

'विगतका भ्रष्टाचार र विकृतिविरुद्ध संसद्मा आवाज उठाउनेछु,' गिरी भन्छन्, 'जेनजीले उठाएका मुद्दामा सरकार चुके हामी खबरदारी गर्नेछौं ।'


## मोटरसाइकल हरायो

**महोत्तरीको बर्दिवास न.पा. वडा नं. २, बुद्ध चौक राष्ट्रिय अनुसन्धान तथा तालिम केन्द्र कार्यालय अगाडीबाट पार्किङ गरी राखेको अवस्थामा मिति २०८२/१२/२३ गते दिउँसो अन्दाजी ३ बजेको समयमा मेरो निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।**

**मोटरसाइकल नम्बर :** म.प्र २- ००७ प २७०२
**मोटरसाइकलको मोडेल :** बजाज कम्पनीको Pulsar 160 NS
**सवारीधनीको नाम :** श्यामा कुमार साह
**चेचिस नम्बर :** MD2A92CX0PCB82528
**ईन्जिन नम्बर :** JEXCPB69035

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान
खर्गा दन्त उपचार केन्द्र प्रा.लि.
बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
९८४४३१२२४६
डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म

हामी कहाँ आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।


पब्लिक टुडे पब्लिकेशन प्रा.लि. प्रस्तुत गर्दछ
रेडियो पब्लिक
९३.३ मेगाहर्ज
गौशाला न.पा.–१ रामनगर, महोत्तरी
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
विकास र समृद्धिका लागि जन आवाजको प्रतीक
radiopublic93.3mhz@gmail.com
हामीलाई यहाँबाट पनि सुन्न सक्नुहुनेछ
हाम्रो पात्रो
LIVE
www.thepublictoday.com
सल्लाह सुझाव र प्रतिक्रियाको लागि सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

# सविधानसभामा असफलतादेखि संघीय संसद्को यात्रामा भरत

दुर्गा दुलाल

*काठमाडौं, चैत्र २५ गते ।*

राष्ट्रिय प्रजातन्त्र पार्टीले २१ फाल्गुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा ३ प्रतिशत थ्रेसहोल्ड पार गर्दै समानुपातिकतर्फ ४ सिट प्राप्त गऱ्यो । ती सिटमध्ये खस-आर्य समूहको पहिलो सूचीमा रहेका भरत गिरी संघीय सांसद बन्न सफल भए ।



२०१८ सालमा काठमाडौंकै मैतिदेवीमा जन्मिएका गिरीले राजनीतिक कार्यक्षेत्र भने मधेश र कोशी प्रदेशलाई बनाएका थिए । उनले धरानस्थित महेन्द्र बहुमुखी क्याम्पसबाट विद्यार्थी राजनीति सुरू गरेक थिए । पार्टीको विद्यार्थी संगठन साधारण सदस्यदेखि अध्यक्षसम्मको यात्रा तय गर्दै उनी पार्टी राजनीतिमा सक्रिय बनेका हुन् ।

गिरी स्वर्गीय नेता सूर्यबहादुर थापाबाट प्रभावित थिए । विद्यार्थी जीवनमै थापासँग नजिक भएर काम गरेका उनले थापाकै प्रेरणाले राष्ट्रिय राजनीतिमा प्रवेश गरेको बताउँछन् । धनकुटा केन्द्रित राजनीति गर्ने थापा नजिकैको धरानमा सक्रिय रहँदा गिरीले पटक-पटक उनीबाट हौसला पाएका थिए ।

२०६४ मा भएको पहिलो संविधानसभा निर्वाचनमा राप्रपाबाट उम्मेदवार बने पनि उनी पराजित भएका थिए । त्यसपछि पुनः पार्टी संगठन विस्तारमा सक्रिय भए । संविधान लेख्ने चाहना पूरा हुन नसके पनि अहिले उनी संविधान कार्यान्वयनका लागि कानुन निर्माण गर्ने जिम्मेवारीमा पुगेका छन् ।

२०५४ मा राप्रपाको महोत्तरी-४ को अध्यक्ष बनेका गिरीले २०५८ सम्म उक्त जिम्मेवारी सम्हाले । २०५८ चैतपछि उनी राष्ट्रिय प्रजातान्त्रिक युवा समितिको केन्द्रीय अध्यक्ष बने र २०६३ सम्मै उक्त भूमिकामा रहे । २०६४ को संविधानसभा निर्वाचनमा महोत्तरी-४ बाट

*- बाँकी पृष्ठ ३ मा*

# मेयरले कुटपिट गरेको भन्दै सहलेखापालले दिए उजुरी

द पब्लिक टुडे समाचारदाता

*गौशाला, चैत्र २५ गते ।*

धनुषामा एक पालिकाको मेयरले कुटपिट गरेको भन्दै सहलेखापालले स्थानीय प्रशासनमा उजुरी दिएका छन् ।

जिल्लाको धनुषाधाम नगरपालिकाका मेयर बालेश्वर मण्डलले आफूमाथि कुटपिट तथा अभद्र व्यवहार गरेको आरोप लगाउँदै सहलेखापाल सुरेशकुमार मण्डलले जिल्ला प्रशासन कार्यालय धनुषामा उजुरी दिएका छन् ।

उजुरीमा आफूलाई कार्यकक्षमा बोलाएर मेयर मण्डल मोबाइल खोसेर कुटपिट गरेको उल्लेख गरेका छन् । उनले घटनापछि ज्यान जोगाउन कार्यालयबाट भाग्नुपरेको दाबी गरेका छन् ।

उनका अनुसार लेखा अधिकृतको सरुवा भएपछि आफूले मंसिर २८ गते लेखासम्बन्धी कागजात बुझबुझारथ गरेको र त्यसपछि तालिममा सहभागी हुन काठमाडौं गएका थिए । सोही अवधिमा लेखा परीक्षण तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिवासबाट अनुसन्धान भइरहेको क्रममा लेखा शाखाको साँचो कम्प्युटर अपरेटर पुरुषोत्तम कुमार मण्डलकहाँ रहेको र उनी सम्पर्कविहीन छन् ।

मंगलबार कार्यालयमा उपस्थित हुँदा नगर प्रमुखले साँचो दिन अस्वीकार गर्दै आफूलाई बोलाएर दुर्व्यवहार गरेको उनको आरोप छ ।

नगर प्रमुखले प्रयोगमा रहेको मोबाइल समेत खोसेको र घटनास्थलमा रहेका अन्य कर्मचारीको सहयोगमा आफू बाहिर निस्कन सफल भएको उनले उजुरीमा उल्लेख गरेका छन् ।

लेखा शाखाको साँचो नगर प्रमुखकै नियन्त्रणमा रहेको र अख्तियारमा परेको उजुरीसँग सम्बन्धित कागजात नष्ट गर्ने प्रयास हुन सक्ने आशंका पीडित मण्डलको छ ।

उनले आफूलाई ज्यानको खतरा रहेको भन्दै कार्यालय जान असमर्थ रहेको उल्लेख गरेका छन् ।

यता लेखा समूह धनुषाले जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाउँदै हातपात गर्ने मेयर मण्डलमाथि कारबाहीको माग गरेको छ ।

कानुन कार्यान्वयन गराउने जिम्मेवारीमा रहेको मेयरबाटै कानुन विपरीतको कार्य हुनु दुर्भाग्यपूर्ण भएको ज्ञापनपत्रमा उल्लेख छ ।

ज्ञापन पत्रमार्फत घटनामा संलग्न मेयर मण्डललाई कारबाही गर्न र सह-लेखापाल मण्डलसहित सम्पूर्ण कर्मचारीहरूको कार्यस्थलमा शान्ति सुरक्षा सुनिश्चित गर्न प्रशासनसँग माग गरेका छन् ।

# ‘सडक दुर्घटनामा हजारौँको ज्यान जान्छ, तत्काल सुरक्षाको काम गरौँ’

द पब्लिक टुडे समाचारदाता

*गौशाला, चैत्र २५ गते ।*

सडक सुरक्षाका लागि तत्काल आवश्यक सुधारका कार्य अघि बढाउन राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद समिना मियाँले सरकारको ध्यानाकर्षण गराएकी छिन् ।



बुधबार प्रतिनिधिसभा बैठकमा आकस्मिक समय लिएर बोल्दै सांसद मियाँले सडक दुर्घटनामा बर्षेनि हजारौं नागरिकको ज्यान जाने गरेको भन्दै तत्काल सडक सुरक्षाका लागि आवश्यक सुधार कार्य अघि बढाउन सरकारको ध्यानाकर्षण गराएकी हुन् ।

उनले जलेश्वर-बर्दिबास सडक खण्डमा भएको मोटरसाइकल दुर्घटनामा एसईई परीक्षा दिएर उज्ज्वल भविष्यको सपना बोकेर घर फर्कँदै गरेका तीन जनाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गरिन् ।

सांसद मियाँले भनिन्, ‘एसईई परीक्षा दिएर उज्जवल भविष्यको सपना बोकेर घर फर्कँदै गरेका तीन भाइहरू जलेश्वर-बर्दिवास सडक खण्डमा भएको मोटरसाइकल दुर्घटनामा ज्यान गुमाउन बाध्य भए । अन्य केही घाइते भएका छन् । यो केवल दुर्घटना होइन, यो हाम्रो प्रणालीको कमजोरीको परिणाम हो । ती तीन बालकहरूले केवल आफ्नो ज्यान मात्रै गुमाएका छैनन् । एउटा परिवारको आशा, सपना र भविष्य नै समाप्त भएको छ ।’

‘अब प्रश्न उठ्छ यस्ता घटना किन दोहोरी रहन्छन् ? हामी कहिलेसम्म दुर्घटना भयो भन्दै बस्ने ? यस सन्दर्भमा म सरकारलाई केही नीतिगत मागहरू राख्न चाहन्छु । सडक सुरक्षाको तत्काल सुधार, जलेश्वर बर्दिबास जस्ता जोखिमयुक्त सडक खण्डमा स्पिड

*- बाँकी पृष्ठ ३ मा*

# मधुवा रोगले आँप उत्पादन घट्ने अनुमान

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, चैत्र २५ गते ।*



मधेस प्रदेश कृषि विकास निर्देशनालय जनकपुरधामले आँपको रुखमा मधुवारोग लागेका कारण आँप उत्पादनमा ह्रास आउने अनुमान गरेको छ । समयमा वर्षात् नभएको र हावाहुरीले पनि आँप उत्पादनमा ह्रास आउन सक्ने निर्देशनालयले जनाएको हो ।

यस वर्ष मधेस प्रदेशमा आँपका रुखमा आँपको मजर अर्थात् फूल अत्यधिक लागेको थियो तर मधुवा रोगले समस्या उत्पन्न भएको हो ।

निर्देशनालयका अनुसार प्रदेशका आठवटै जिल्लामा गत वर्षको तुलनामा यस वर्ष करिब ६० प्रतिशतभन्दा बढी उत्पादन हुने अनुमान गरिएको थियो । तर रोगले गर्दा सो अनुमान अनुसार

*- बाँकी पृष्ठ ३ मा*

# मिथिलामा साक्षरता तथ्याङ्क संलन सुरु

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, चैत्र २५ गते ।*

धनुषाको मिथिला नगरपालिकाले सो पालिकाभित्रका साक्षर तथा निरक्षरहरूको तथ्याङ्क सङ्कलन सुरु गरेको छ । नगरपालिकाले साक्षर घोषणा गर्ने उद्देश्यले तथ्याङ्क सङ्कलन सुरु गरेको जनाएको छ । साक्षरता मूल्याङ्कन निर्देशिका २०७० बमोजिम साक्षरका १२ सूचकमध्ये छवटा सूचकमा केन्द्रित भएर काम अगाडि बढाइएको सो पालिकाका शिक्षा शाखा प्रमुख सीता काफ्लेले जानकारी दिइन् ।

सो कार्यका लागि २५ जनालाई आवश्यक प्रशिक्षण प्रदान गरिएको तथा त्यसका लागि पालिकाको सबै वडा कार्यालय तथा विद्यालयलाई समन्वयात्मक भूमिका निर्वाह गरिदिन आग्रह गरिएको काफ्लेले बताइन् । साथै पालिकाअन्तर्गतका विद्यार्थीमार्फत घर घरमा पुगेर तथ्याङ्क सङ्कलनमा सहयोगका लागि आग्रह गरिएको उनले बताइन् ।

शिक्षा तथा मानव विकास केन्द्रले तोकेको विभिन्न १२ वटा बुँदामध्ये महत्वपूर्ण छवटा बुँदामा उल्लेख गरिएका विषयवस्तु पढ्न-लेखन सिकाउन सके नागरिकलाई साक्षर बनाउन सकिने काफ्लेको भनाइ छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री